# रघुगंगा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
मौवाफाँट, म्याग्दी
२०७३

रघुगंगा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मौवाफाँट, म्याग्दी गण्डकी प्रदेश २०७३

पत्र संख्या:- २०८३/८४ गण्डकी प्रदेश, नेपाल

सु.नं.:- २६

मितिः २०८३/०६/०८

## सटर भाडामा लगाउने सम्बन्धी सूचना ।

तेस्रो पटक प्रकाशित मिति : २०८३।०६।०८

**सूचना । सूचना ।। सूचना ।।।**

यस गाउँपालिका अन्तर्गत वडा नं. ३ तिल्केनी स्थित तपशिल बमोजिमको गाउँपालिकाद्धारा निर्मित २ वटा सटर र ट्वाइलेट बाथरुम सहितको ६ वटा कोठाहरु एकमुष्ट रुपमा भाडामा लगाउनुपर्ने भएकोले ईच्छुक नेपाली नागरिक/व्यवसायी/संघ-संस्थाहरुले तपशिलमा उल्लेखित शर्तहरुको अधिनमा रही शिलबन्दी प्रस्ताव पेश गर्नुहुन अनुरोध गरिन्छ ।

तपशिल :

| क.सं. | कोठा संख्या | न्यूनतम दर (प्रति महिना रु.) | बोलपत्र फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|
| १ | ६ वटा | १०,०००।०० | १०००।०० | |

शर्तहरु :

१. रघुगंगा गाउँपालिका कार्यालयको राजश्व शाखामा नगदै बुझाई वा प्रभु बैङ्क लि.रघुगंगा शाखाको रघुगंगा गाउँपालिका आन्तरिक राजश्व खाताको खाता नं १६३०११००२३०००१२८ मा बोलपत्र बमोजिम लाग्ने रकम (फिर्ता नहुने) जम्मा गरी बोलपत्र फारम सूचना प्रकाशन भएको मितिले १५ दिन कार्यालय समय भित्र (अन्तिम मितिमा सार्वजनिक विदा परेमा कार्यालय खुलेको पहिलो दिन) कार्यालयबाट लिई वा कार्यालयको वेवसाइट www.raghugangamun.gov.np बाट डाउनलोड गरी १६ औ दिन दिनको १२:०० बजेसम्म नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी/व्यवसाय/संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपी तथा नविकरण भएको प्रमाण संलग्न गरी बोलपत्र प्रस्ताव कार्यालयमा दर्ता गराउनुपर्नेछ । सोही दिन अपरान्ह २:०० बजे दर्ता भएका शिलबन्दी बोलपत्र प्रस्ताव खोलिनेछ ।

२. प्रस्तावकले कबोल गरेको रकमको वार्षिक एकमुष्ठ रकमको २० प्रतिशतले हुन आउने रकम बुँदा नं. ३ मा उल्लेखित यस कार्यालयको धरौटी खातामा जम्मा गरेको बैङ्क भौचर वा सो बराबरको बैङ्क जमानत बोलपत्र प्रस्ताव साथ पेश गर्नुपर्नेछ। सम्झौता अवधि समाप्त भएपछि उक्त धरौटी रकम फिर्ता गरिनेछ ।

३. बोलपत्रको स्वीकृति पश्चात सम्झौता गर्न आउँदा तीन महिनाको भाडा (कबोल गरे बमोजिम) रकम यस कार्यालयको प्रभु बैङ्क लिमिटेड रघुगंगा शाखामा रहेको आन्तरिक राजश्व खाताको खाता नं. १६३०११००२३०००१२८ मा अग्रिम रुपमा जम्मा गर्नुपर्नेछ ।

४. भाडामा लिइएको सटरमा प्रचलित कानूनले निषेध गरेका सामानहरु भण्डारण तथा विक्री वितरण गर्न पाइने छैन ।

५. सटर भाडा सम्झौता ३ वर्षको हुनेछ । दुई वर्षपछि १०% भाडा रकम वृद्धि गरिनेछ र तीन वर्षपछि पुनः गाउँपालिकाको निर्णय बमोजिम हुनेछ ।

६. भाडामा लिइएको सटरको विद्युत तथा खानेपानी महशुल स्वयं बहालवालाले तिर्नुपर्नेछ ।

७. गाउँपालिकाबाट सटर भाडाका लागि स्वीकृति पाएका व्यक्तिले तेस्रो पक्षलाई सटर भाडामा दिन पाउने छैन ।

८. शिलबन्दी आवेदन स्वीकृत गर्ने/नगर्ने अधिकार यस गाउँपालिकामा सुरक्षित रहनेछ ।

९. अन्य शर्तहरु सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

१०. सूचना सम्बन्धी अन्य कुरा बुझ्नुपरेमा यस कार्यालयमा सम्पर्क गरी बुझ्न सकिनेछ ।

कुलराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

"व्यावसायिक र सिर्जनशिल प्रशासनः विकास, समृद्धि र सुशासन"

वेवसाइटः raghugangamun.gov.np
इमेलः raghugangagapa1@gmail.com